का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ कात्तिक २०८०,
बुधबार
18 October 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २६५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



*अवे खेलमा मंगलबार लाओसलाई हराउँदै विश्वकप छनोटको दोस्रो चरणमा नेपाल प्रवेश गरेको छ । नेपालका लागि एक मात्र निर्णायक गोल मनिष डाँगीले गरेका थिए । तस्वीरः एनएसजेएफ*

चाडपर्वको बेला
सुरक्षित यात्रा गरौ ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौ,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोको,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौ,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनताप्रति अविश्वास !

विगतमा चुनाव पछाडि कतिपय राजनीतिक दलले परिणाम अस्वीकार गर्ने चेतावनी दिएका उदाहरण छन् । २०७० सालको चुनावमा तेस्रो दल भएपछि माओवादी केन्द्रले परिणाम अस्वीकार गर्ने चेतावनी दिएको थियो । पछि परिणाम स्वीकारेको थियो ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३० असोज ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानले एक अर्काको आलोचना गर्ने क्रममा जनताको चेतनालाई चुनौती दिएका छन् । जनताको चेतनामा चुनौती नदिन एक अर्कोलाई चेतावनी दिँदै दुवैले जनताकै चेतनामा चुनौती दिएका हुन् ।

सोमबार नेकपा एमालेको पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले नयाँ दलप्रति लक्षित गर्दै नीति, विचार र सिद्धान्त नभएका दलहरूलाई भोट दिने जनता पनि कस्ता भनी प्रश्न गरेका थिए । 'गिर्खे कुरा गरेर जनता अल्मल्याउनेहरु छन् । विचराहरूलाई के थाहा । नीति, विचार र सिद्धान्त ! त्यस्तालाई भोट दिने जनता पनि कस्ता ?' ओलीले भनेका थिए ।

सोमबार ओलीलाई जवाफ फर्काउने क्रममा रास्वपा सभापति लामिछानेले पनि उही शैली अपनाए । मंगलार काठमाडौंमा आयोजित पार्टीको नीति मन्थन कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफ्ना नेताहरू भ्रष्टाचारको आरोपमा जेल बसिसक्दा, राष्ट्रको ढुकुटी रित्याउँदा हरेक क्षेत्रको इण्डिकेटरहरूलाई रेडमा पुऱ्याउँदा अझै पनि तपाईंकै दललाई भोट हालिरहने ? तपाईंकै नेतालाई भोट हालिरहने, ती भोटरचाहिं कस्ता ?' भनी प्रश्न गरे ।

सभापति लामिछानेले जनताले परिवर्तन चाहँदाचाहँदै पनि पुराना राजनीतिक दलको विश्वासलाई निमिट्यान्न नपारेको पनि सच्चिन समेत कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरुलाई आग्रह गरे ।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल निर्वाचनमा मतदाताले कस्ता उम्मेदवार रोजे भनेर विश्लेषण हुने बताउँछन् । तर, उनीहरुको चेतनामाथि प्रश्न उठाउने विषय गम्भीर रहेको उनको भनाइ छ । आफ्नो बिचारमा कन्भिन्स गराउन नसक्ने, विश्वास जित्न नसक्ने र चुनावपछि प्रश्न उठाउने शैली लोकतन्त्रसमर्थित नहुने उनको भनाइ छ ।

जतिसुकै खराब उम्मेदवार उठाए पनि 'मेरो पार्टीको हो भनेर खतमाफी दिने गलत अभ्यास जनस्तरसम्मै पुगेको र यसका सन्दर्भमा भएको विवेचनालाई स्वीकार गर्न सकिने र चुनावछि कस्तो उम्मेदवार जिताएछु भनेर मुल्यांकन गर्ने अधिकार पनि नागरिकमै रहेको उनको भनाइ छ ।

विगतमा चुनाव पछाडि कतिपय राजनीतिक दलले परिणाम अस्वीकार गर्ने चेतावनी समेत >>> पृष्ठ २ मा



गिर्खे कुरा गरेर जनता अल्मल्याउनेहरू छन् । विचराहरूलाई के थाहा । नीति, विचार र सिद्धान्त ! त्यस्तालाई भोट दिने जनता पनि कस्ता ?

**■ केपी ओली**
**अध्यक्ष, एमाले**



आफ्ना नेताहरू भ्रष्टाचारको आरोपमा जेल बसिसक्दा, राष्ट्को ढुकुटी रित्याउँदा तपाईंकै दललाई भोट हालिरहने ? ती भोटर चाहिं कस्ता ?

**■ रवि लामिछाने**
**सभापति, रास्वपा**

# बार्गेनिङ बढाउँदै एमाले

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ३० असोज ।

कोशी प्रदेशको सत्ता साझेदार दल नेकपा एमालेले ५ वटा मन्त्रालयमा दाबी गरेको छ । नवनियुक्त मुख्यमन्त्री केदार कार्कीसँग प्रदेश सरकारमा ५ वटा मन्त्रालय दाबी गरेको एमाले प्रदेश संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले बताए ।

तर मन्त्रालय भागबण्डाबारे छलफल हुन बाँकी रहेको उनले बताए । मुख्यमन्त्री कार्कीले आफूले शपथ लिएसँगै एमालेबाट राम राना र कांग्रेसबाट शमशेर राईलाई मन्त्री नियुक्त गरेका छन् । तर मन्त्रीहरुको कार्यविभाजन गरेका छैनन् ।

एमालेले मन्त्री नियुक्त हुँदा नै मन्त्रालयको जिम्मेवारी दिन आग्रह गरेको थियो । मुख्यमन्त्री कार्कीले भने अहिलेसम्म थप मन्त्रालय बिस्तारबारे कुनै निर्णय लिएका छैनन् । तर एमालेले भने ९ सदस्यीय मन्त्रिपरिषद्मा ५ मन्त्रालय दावी गरेका छन् । प्रदेशसभा सदस्यको हिसाब गर्दा एमालेले गरेको दाबी स्वभाविक नै देखिन्छ ।

किनकि ९३ सदस्यीय प्रदेशसभामा सरकार बनाउन ४७ सांसद चाहिनेमा एमालेसँगै ४० सांसद छन् । संविधानको धारा १६८ (५) बमोजिम सरकारको दाबी गर्दा भने एमालेका ३९ र कांग्रेसका ८ सांसदले हस्ताक्षर गरेका थिए । उपसभामुख एमालेकै भएकाले मुख्यमन्त्री कार्कीलाई विश्वासको मत लिन समेत समस्या छैन ।

> नेपाली कांग्रेसबाट विद्रोह गरेका केदार कार्कीलाई मुख्यमन्त्री बनाउन महत्वपूर्ण साथ दिएको नेकपा एमालेले कोशी प्रदेश सरकारमा बार्गेनिङ बढाएको छ ।

तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवाले गठबन्धनले केदार कार्कीलाई नै मुख्यमन्त्री मान्ने निर्णय लिएका छन् । प्रचण्ड र देउवाको यस्तो निर्णयबाट मुख्यमन्त्री कार्की अलमलमा परेको देखिन्छ । तर एमालेले भने गठबन्धनलाई सरकारमा सहभागी गराए आफू बाहिरिने अडान लिएको छ । ९ मध्ये ५ मन्त्रालयको दाबीलाई पनि एमालेले अडानकै रुपमा लिएको छैन ।

एमालेले कोशीमा कांग्रेसको एउटा हिस्सालाई समर्थन गरेर सरकार टिकाइरहँदा त्यसको असर राष्ट्रिय राजनीतिमा पर्ने र अहिलेको गठबन्धन भत्काउने सकिने अनुमान लिएको देखिन्छ । जबकी देउवा र प्रचण्डले पनि जसरी पनि एमालेलाई कुनैपनि सरकारमा सहभागी नगराउने नीतिमा रहेका छन् ।

## वैदेशिक रोजगार विशेष

# इजरायलबाट १३ कामदारसहित १८ जना फर्किंदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असोज

सरकारले इजरायलबाट थप १८ जना नेपालीको उद्धार गरेको छ । इजरायलको तेलअविवस्थित नेपाली दूतावासका अनुसार नेपाल फर्किनेमा ४ जना विद्यार्थी, १३ जना केयर गिभर कामदार र एक जना भिजिट भिसामा इजरायल गएका नेपाली रहेका छन् । दूतावासले उनीहरूको भारतीय विमान स्पाइसरजेट एयरलाइन्सको उडानमार्फत उद्धार गरिएको जनाएको छ ।

परराष्ट्रमन्त्री एनपी साउदले इजरायलको तेल अविवबाट भारतको उद्धार विमानमार्फत नेपालीको पनि उद्धार गरिएको बताएका छन् । उद्धार गरी नेपाल ल्याउन लागिएकाहरू भारत अवतरण गरेपछि दिल्लीस्थित दूतावासले सवारी साधनको व्यवस्था गरेर नेपाल पठाउने छ । उद्धार गरिएकाहरूलाई नयाँ दिल्लीस्थित दूतावासले भारतको गौरीफन्टा नाका भएर कैलाली ल्याउने प्रबन्ध मिलाएको छ । कैलालीबाट जिल्ला प्रशासन कार्यालयले उनीहरूलाई सम्बन्धित स्थानमा पुऱ्याउने तयारी गरेको छ ।

यसैबीच नेपाली दूतावासले इजरायली सरकारले नेपाली दूतावासलाई बुझाएका पाँच जना नेपालीको शव तीन दिनभित्र नेपाल पठाउने तयारी रहेको बताएको छ । घोडाघोडी-४ कैलालीका नारायणप्रसाद न्यौपाने, जयपृथ्वी-६ बझाङका गणेशकुमार नेपाली, लेकाम-५ दार्चुलाका दिपेशराज विष्ट, बाउनिया-३ कैलालीका आशिष चौधरी र लोकेन्द्रसिंह धामीको शव इजरायलस्थित नेपाली दूतावासले प्राप्त गरेको जनाएको छ ।

आक्रमणमा परी ज्यान गुमाएका अन्य नेपालीको शव प्राप्त हुने क्रममा रहेको दूतावासले जनाएको छ । सम्पर्कविहीन अवस्थामा रहेका विपिन जोशीको खोजी भइरहेको भन्दै दूतावासले आक्रमणमा परी घाइते भएका ४ मध्ये २ जना डिस्चार्ज र २ जनाको उपचार भइरहेको पनि दूतावासले जनाएको छ ।

### रेमिट्यान्स आप्रवाहमा उल्लेख्य वृद्धि

**काठमाडौं / रासस–** चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो दुई महिनामा नेपालले करिब साढे दुई खर्ब रेमिट्यान्स भित्र्याएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको गत भदौ मसान्तसम्मको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार यो अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव एक प्रतिशतले बढेर दुई खर्ब २८ अर्ब ३७ करोड पुगेको बताएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९ दशमलव आठ ८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७ दशमलव सात प्रतिशतले वृद्धि भइ १ अर्ब ७३ करोड अमेरिकी डलर पुगेको छ । गत भदौ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या २८ दशमलव तीन प्रतिशतले घटेर ७४ हजार चार सय ५५ रहेको तथ्यांकमा उल्लेख छ । >>> पृष्ठ २ मा

# एनआरएनले पाउन थाले नागरिकता

एनआरएन नागरिकता पाएकाहरुले राजनीति गर्न, सरकारी पदमा बस्न र भोट हाल्न पाउने छैनन् । तर उनीहरुले नेपालमा व्यवसाय गर्न र नेपालमा सम्पत्ति राख्न पाउँछन् ।



पचासौं लाख गैरआवासीय नेपालीहरुले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने प्रबन्ध गरिएको छ र यो निकै ठूलो उपलब्धि हो ।

**■ प्रचण्ड**
**प्रधानमन्त्री**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ३० असोज

गैर आवासीय नेपाली संघ (एनआरएन)ले नागरिकता पाउन थालेका छन् । एनआरएनका कार्यकारी अध्यक्ष डा. बद्री केसी र अर्का अध्यक्ष कुल आचार्यले मंगलबार एनआरएन नागरिकता प्राप्त गरे ।

कर्मथलो रुसलाई बनाउँदै आएका बद्री केसी र युकेलाई कार्यथलो बनाउँदै आएका कुल आचार्यलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एनआरएन नागरिकता प्रदान गरे ।

लामो समयदेखि एनआरएन नागरिकताको विषय उठान गर्दै आएकोमा ऐन र नियमावली जारी भएपछि नागरिकता वितरणको सुरुआत भएको हो । दुवैले आ-आफ्नो गृह जिल्लामा प्रक्रिया पूरा गरेपछि प्रधानमन्त्री प्रचण्डले नागरिकताको प्रमाणपत्र हस्तान्तरण गरेका हुन् ।

आचार्यको गृहजिल्ला पर्वत हो भने बद्रीले काठमाडौं । पर्वत र काठमाडौंका प्रमुख जिल्ला अधिकारीले प्रधानमन्त्रीलाई नागरिकता प्रमाणपत्र दिएपछि आचार्य र केसीलाई हस्तान्तरण गरिएको हो । अब ७७ वटै जिल्लाबाट एनआरएन नागरिकता वितरण हुनेछ ।

प्रधानमन्त्री प्रचण्ड गैरआवासीय नेपालीलाई नागरिकता दिलाउन निकै ठूलो उपलब्धि भएको बताउँछन् । नेपालको संविधानमा गैरआवासीय नेपालीहरुलाई आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था भए पनि कानुनी व्यवस्था गर्न निकै ठूलो संघर्ष गर्नुपरेको स्मरण गर्दै उनले भने, 'पचासौं लाख गैरआवासीय नेपालीहरुले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने प्रबन्ध गरिएको छ र यो निकै ठूलो उपलब्धि हो ।' उनले अगाडि भनेका छन्, 'नेपालको संविधानमा >>> पृष्ठ २ मा



# सुरक्षित उपत्यका बनाउने अभियानमा प्रहरी

**काठमाडौं/मस–** काठमाडौं उपत्यका प्रहरी कार्यालयले सर्वसाधारणमा १० बुँदे अपिल जारी गर्दै सचेत हुन अनुरोध गरेको छ। चाडबाडका बेलामा सुरक्षा सतर्कता अपनाई आफू, आफ्नो परिवार, छिमेक, समाज र समग्र काठमाडौं उपत्यकालाई सुरक्षित उपत्यका बनाउने अभियानमा हातेमालो गर्न पनि प्रहरीले सबैमा आग्रह गरेको छ।

कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले सर्वसाधारणमा सचेतना र चनाखो हुनका लागि अपिल जारी गरिएको जानकारी दिए। उनका अनुसार प्रहरीले बाटोमा हिँड्दा वा अन्य ठाउँमा अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान अनुरोध गरिएको छ।

जारी अपिलमा नगद, बहुमूल्य सामान, गरगहना र महँगा मोबाइल फोनसहित भीडभाडमा सकेसम्म नजान, घर तथा पसल बाहिर जानुपरेमा घरको झ्यालढोका राम्रोसँग बन्द गरेको छ/छैन यकिन गर्न र सकेसम्म साइरन जडित ताल्चा जडान गर्न, लामो समय घर, पसल छोडी बाहिर जानुपरेमा छिमेकी तथा




स्थानीय प्रहरीलाई खबर गर्न भनिएको छ।

यस्तै सकेसम्म डिजिटल प्रविधिमार्फत रकमको कारोबार गर्न, आफ्नो मोबाइल बैंकिङको पासवर्डलगायत हरदम गोप्य राख्न, चेकबाट कारोबार गर्नुपर्ने अवस्थामा आफ्नो रकमले भ्याउने अङ्कको मात्र चेक जारी गर्न तथा सामाजिक सञ्जालमा आफ्नो व्यक्तिगत तथा यात्राको विवरण अद्यावधिक नगर्न अनुरोध गरिएको छ।

लङ्गुरबुर्जा, तास, जुवालगायतका हारजित हुने खेल खेल्दा उठिबास हुनसक्नेतर्फ सचेत बनौं बन्न, मादक पदार्थ सेवन (मापसे), लागुपदार्थ सेवन (लापसे) गरी सवारी नचलाउन, ट्राफिक नियमको पालना गर्न पनि प्रहरीले अनुरोध गरेको छ। उपत्यका प्रहरीले तालिमप्राप्त कुकुर र ड्रोनको समेत प्रयोग गरेर उपत्यकामा सुरक्षा निगरानी बढाएकाले ढुक्कसँग चाडपर्व मनाउन पनि अनुरोध गरेको छ।

**नयाँ बसपार्कमा 'हेल्थ डेस्क'**

दशैंमा घर जाने यात्रुलाई लक्षित गरी काठमाडौंको गोँगबुस्थित नयाँ बसपार्कमा 'हेल्थ डेस्क' स्थापना गरिएको छ।

महानगर प्रहरी टोलीले यात्रुको स्वास्थ्य परीक्षणका लागि डेस्क स्थापना गरेको हो। महानगर प्रहरीका प्रहरी नायब उपरीक्षक पूर्णचन्द्र भट्टले हेल्थ डेस्कमार्फत उच्च रक्तचाप जाँच, प्राथमिक स्वास्थ्योपचार र आवश्यक औषधि वितरण गरिएको बताए। हेल्थ डेस्कमा काठमाडौं महानगरपालिका वडा नं २६ को टोली खटाइएको छ। उनले दुई दिनमा पाँच सयभन्दा बढी यात्रुले स्वास्थ्य सेवा लिएको बताए। यस्तै महानगरपालिकाको टोलीले नयाँ बसपार्कमा यात्रुका लागि पिउने पानीको समेत व्यवस्था मिलाएको छ।

नयाँ बसपार्क सञ्चालनको जिम्मा लिएको लोत्से बहुउद्देश्यीय प्रालिका प्रवक्ता पङ्कज मल्लले अहिले दैनिक नयाँ बसपार्कबाट ३० हजार यात्रु काठमाडौंबाट बाहिर गएको बताए। उनले आगामी एक-दुई दिनमा उक्त सङ्ख्या बढ्नेसमेत उल्लेख गरे। अहिले दैनिक काठमाडौंको नयाँ बसपार्क भएर हजारौं सार्वजनिक बस देशका विभिन्न क्षेत्रमा ओहोरदोहोर गर्दै आएका छन्।

# इन्जिनियर मण्डलमाथि अकुत सम्पत्ति आर्जन गरेको आरोप

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ३० असोज

स्थानीय तह भ्रष्टाचारको अखडा बन्ने गरेको आरोपहरु बेला-बेलामा लाग्ने गरेको छ। अकुत सम्पत्ति जोड्नेमा स्थानीय सरकारका प्राविधिकहरु सबैभन्दा अगाडि देखिएका छन्। सामान्यत प्राविधिकहरुको तलब र सेवासुविधा समेतबाट अकुत सम्पत्ति आर्जन गर्न नसकिने हो, तर सप्तरीका केही प्राविधिक शाखामा कार्यरत इन्जिनियरहरुले जोडेको सम्पत्ति देख्दा स्थानीयहरु चकित बनेका छन्।

त्यसैमध्येका पर्छन् सप्तरी महादेवा गाउँपालिकामा पछिल्लो पाँच वर्ष काम गरेका इन्जिनियर बबलु भनिने रविन्द्र कुमार मण्डल।

उनले गाउँपालिकाको प्राविधिक शाखामा काज गरेर अकुत सम्पत्ति आर्जन गरेको आरोप लागेको छ। उनले गाउँदेखि शहरसम्म आलिसान महल खडा गरेका छन्। त्यति मात्र होइन,उनले ५० लाख पर्ने कार समेत खरिद गरेका छन्। उनी आर्थिक वर्ष २०७५/७६ देखि ०७८/७९ सम्म महादेवा गाउँपालिकामा कार्यरत थिए।

मण्डलको पैत्रिक गाउँ भगवतपुरका एकजनाले नाम नबताउने शर्तमा भने, 'उनको अन्य कुनै आर्थिक स्रोत जस्तै, व्यापार र व्यवसाय छैन। अकुत



सम्पत्ति कमाउने माध्यम नै गाउँपालिका बन्यो। उनले नक्कली उपभोक्ता समिति खडा गर्थे, त्यसमा किर्ते हस्ताक्षर गर्थे। गाउँपालिकाका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत लगायत सबैलाई प्रभावमा पारी कामै नभएको योजनाहरुको नक्कली कागज खडा गरी उपभोक्तालाई भुक्तानी दिन्थे। त्यस बापत उपभोक्ता समितिलाई ५ देखि ५० हजार दिन्थे। यस्तै अनियमितताको माध्यमले उनी त्यत्रो सम्पत्ति जोडेका हुन्।'

स्रोतका अनुसार उनले बढी मूल्यांकन देखाएर कमिसन खाई गाउँपालिकालाई भ्रष्टाचारको अखडा नै बनाइयो। उपभोक्ताबाट कमिसन पाउन उनले इस्टिमेट बमोजिम नभएको कामलाई समेत इस्टिमेट बराबरको भुक्तानीका लागि सिफारिस दिन्थे। मण्डलले जम्मा गरेका कमिसन बापतको रकमलाई पालिका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत लगायतमा भागबन्डा गर्थे।

यद्यपि इन्जिनियर मण्डलले आफु गाउँपालिकामा रहँदा कुनै किसिमको अतिरिक्त लाभ प्राप्त नगरेको बताउँछन्। उनी भन्छन्, 'मेरो पैत्रिक सम्पत्ति,बुबाको पेन्सन र श्रीमतीको जागिरबाट प्राप्त आम्दानीले जोडिएको सम्पत्तिमा कसैले बक्रदृष्टि लगाउनु अनुचित हो। गाउँपालिकाको प्राविधिक शाखामा रहेर मैले कुनैपनि भ्रष्टाचार गरेको छैन। कसैले भन्दैमा म भ्रष्टाचारी हुने होइन। यसका लागि नियमन निकाय छन्। अनुसन्धान गरियोस्। दोषी ठहरिए कारबाही भोग्न तयार छु।'

महादेवा गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा व्यापक अनियमितता गरिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको थियो। कामै नभएको बाटोमा माटो ग्राभेल देखाएर लाखौं रुपैयाँ अपचलन गरेको भन्दै स्थानीयले आयोगमा उजुरी दर्ता गराएका थिए। तर अनुसन्धान गर्न आएको कर्मचारीलाई इन्जिनियर मण्डलले प्रभावमा पारी फर्काएको चर्चा सतहमै देखिएको थियो। गाउँपालिकामा व्यापक भ्रष्टाचार हुँदाहुँदै आयोगले उनीहरुमाथि कारबाही गर्न नसकेपछि आयोगमाथिजनविश्वास घटेको स्थानीयहरु बताउँछन्।

# संयुक्त राष्ट्रसंघको स्थापना दिवसमा शान्ति पदयात्रा

**काठमाडौं/मस–** नेपाली सेनाले आज सैनिक मुख्यालय जंगी अड्डामा शान्ति पदयात्रासहित विभिन्न कार्यक्रम गरी संयुक्त राष्ट्रसंघ स्थापना दिवस (युएन-डे) मनाउँदैछ।

राष्ट्रसंघको स्थापना सन् १९४५ अक्टोबर २४ भएकामा त्यस दिन यस पटक नेपालमा बडादशैं पर्व परेकाले बुधबार नै 'युएन-डे' विभिन्न कार्यक्रम गरी मनाउन लागिएको सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिए।

उपप्रधान तथा रक्षामन्त्री, परराष्ट्रमन्त्री, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका पदाधिकारी, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिलगायत सैनिक अधिकृतको सहभागितामा 'युएन डे' विशेष कार्यक्रम आयोजना हुनेछ।

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने, राष्ट्रहरूबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा आर्थिक, सामाजिक, सांस्कृतिक वा विश्वकल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने मुख्य उद्देश्यले संयुक्त राष्ट्रसंघको स्थापना भएको हो। राष्ट्रसङ्घका महासभा, सुरक्षा परिषद्, अन्तर्राष्ट्रिय न्यायालय, आर्थिक तथा सामाजिक परिषद्, जिम्मा जमानी परिषद र सचिवालय राष्ट्रसंघका अंग हुन्।

अन्तर्राष्ट्रिय श्रम, खाद्य तथा कृषि, विश्व स्वास्थ्य, हुलाक, नागरिक उड्डयन, जलवायु, बौद्धिक सम्पति, सामुद्रिक, कृषि विकास कोष, औद्योगिक विकास र पर्यटन संगठनलगायतका उक्त विश्वसंस्थाका १५ वटा विशिष्टीकृत संस्था छन्। संयुक्त राष्ट्रसंघका ती संस्थाले नेपालको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलबायु र हुलाकका क्षेत्रमा सहयोग पुर्‍याउँदै आएका छन्।

नेपाल सन् १९५५ डिसेम्वर १४ मा संयुक्त राष्ट्रसंघको सदस्य बनेको थियो। नेपाल त्यस बेलादेखि नै संयुक्त राष्ट्रसंघका अधिकांश शान्ति अभियानमा सक्रिय सहभागी हुँदैआएको छ। राष्ट्रसंघको शान्ति सहायता अभियानमा नेपाली सेनाको सहभागिता छ दशकभन्दा बढीको छ। यस अवधिमा लगभग ४४ मिसनमा एक लाख ४६ हजार छ सय २३ नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन्। सन् १९५८ मा लेवनानमा पाँच सैनिक पर्यवक्षकको तैनाथबाट सेनाको राष्ट्रसंघ शान्ति सहायता अभियानसँगको सहकार्य सुरु भएको हो। पहिलो नेपाली युनिट पुरानो गोरख गण सन् १९७४ मा इजिप्टमा तैनाथ भएको थियो।

सेनाले इन्जिनियर, मेडिकल टोली र विशेष फौजको टुकडीजस्ता विशिष्ट क्षमताको फौज पठाएर राष्ट्रसंघको शान्ति कार्यमा महत्वपूर्ण योगदान दिइरहेको छ। नेपाली शान्ति सैनिकको कर्तव्यप्रति निष्ठा र उत्कृष्ट कार्यसम्पादनको राष्ट्रसंघलगायतका निकायबाट उच्च प्रशंसा हुँदैआएको छ। शान्ति कार्यमा खटिएका नेपाली सैनिकले जहिले पनि चुनौतीलाई स्वीकार गर्दै कठिन जिम्मेवारी लिँदै आएको छ।

विश्व शान्ति स्थापना कार्यमा संलग्न हुने सिलसिलामा हालसम्म ७२ नेपाली शान्ति सैनिकको वीरगति प्राप्त गरेका छन् भने अन्य ६६ जना घाइते भएका छन्। शान्ति सैनिक खटाउने मुलुक सूचीमा नेपाल हाल दोस्रो ठूलो वरियतामा भएको राष्ट्र हो। हाल विश्वका १३ वटा मिसनमा नेपाली सेनाका पाँच हजार आठ सय २६, नेपाल प्रहरीका ४४ र सशस्त्र प्रहरी बल नेपालका एक सय ९४ गरी छ हजार ६४ शान्ति सैनिक तैनाथ छन्।

# मुसिकोटको सत्कार होटलमा महिलाको शव फेला

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३० असोज

रुकुम पश्चिमको सदरमुकाम मुसिकोटको एक होटलमा एक महिलाको शव फेला परेको छ। मुसिकोट नगरपालिका १ खलंगा बजारमा रहेको होटल सत्कारमा एक महिला मृत अवस्था भेटिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ।

मृतकको पहिचान भने खुलेको छैन। होटलको कोठा नम्बर १ मा महिलाको शव भेटिएको हो। प्रहरीका अनुसार त्रिवेणी गाउँपालिका ठेगाना भएका विकास



केसीको नामबाट गत आइतबार होटलको उक्त कोठा बुक भएको देखिन्छ। सिरकले छोपेको अवस्थामा महिलाको शव फेला परेको र घटनाबारे अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ।

# कैलाली चुरेमा २३ टन क्षमताको 'कोल्ड च्याम्बर' उद्घाटन

**जीवन बिष्ट/मध्यान्ह**
धनगढी, ३० असोज

किसानहरूको तरकारी तथा फलफूल सञ्चित गर्ने उद्देश्यले कैलालीको चुरे गाउँपालिकामा २३ टन क्षमताको कोल्ड च्याम्बर सञ्चालनमा आउने भएको छ। सुदूरपश्चिम प्रदेशको कृषि विकास निर्देशनालयले गाउँपालिकाको वडा नम्बर ३ ऋसर डाँडामा कोल्ड च्याम्बरको पूर्वाधार तयार गरी सञ्चालनका लागि चुरे गाउँपालिकालाई सोमबार एक कार्यक्रमकाबीच हस्तान्तरण गरेको छ।

५१ लाख १६ हजार २ सय ८४ रुपैयाँको लागतमा चन्द्र विकास यज्ञ लक्ष्मी निर्माण सेवा धनगढीले तयार गरेको भवन गत साउन १३ गते निर्देशनालयलाई हस्तान्तरण गरेको थियो। निर्देशनालयले भवनको उद्घाटन गर्दै सञ्चालनका लागि गाउँपालिकालाई जिम्मा दिएको हो। कोल्ड च्याम्बरको उद्घाटन गर्दै सुदूरपश्चिम प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री रामेश्वर चौधरीले कृषि उत्पादनको उर्वर भूमि चुरे क्षेत्रमा कोल्ड च्याम्बर अत्यावश्यक रहेको बताए। जेनरेटरबाट सञ्चालन गर्दा एक दिनमै १०



हजारको डिजेल लाग्ने भएकाले बिजुली जडानको विकल्प नभएको उनको भनाइ छ।

'तरकार फलफूल र जडिबुटीका लागि यो सम्भावना बोकेको स्थान हो। कृषकहरूको उत्पादनलाई खेर जान नदिन हामीले यो अवधारणा लिएका हौं। चुरेमा कफीको पनि राम्रो सम्भावना छ। यसका लागि पनि हामीले कार्यक्रम बनाएर उत्पादनमा जोड दिनुपर्छ'मन्त्री चौधरीले भने।

मन्त्रालयका सचिव डा. मदनराज धामीले कोल्ड च्याम्बर यथाशीघ्र सञ्चालनमा ल्याइनुपर्ने बताए। 'हामीले भवन र प्रविधि तयार गरी प्रदान गरेका छौं। अब गाउँपालिकाले कृषकहरूले सेवा पाउने गरी तत्काल सञ्चालनमा ल्याउनुपर्छ। यसका लागि मन्त्रालयबाट के गर्नुपर्छ हामी तयार छौं,'सचिव धामीले भने।

कोल्ड च्याम्बर भवनको साँचो हस्तान्तरण गर्दै कृषि विकाश निर्देशक यज्ञराज जोशीले यसको संरक्षण र सञ्चालनको दायित्व पालिकाको रहेको बताए। कृषकका तरकारी तथा फलफूल संकलन र बजारीकरणका लागि उपयुक्त स्थानमा च्याम्बर बनाइएको बताउँदै जोशीले चुरेका कृषकहरूले यसबाट प्रशस्त लाभ पाउने जानकारी दिए।

'चुरेमा उत्पादन भएको तरकारी फलफूलले कैलाली-कञ्चनपुरको माग पूरा गर्न सक्छ। यहाँको मुख्य समस्या उत्पादित तरकारी समयमै बजारसम्म पुर्‍याउन नसक्नु हो। यही समस्यालाई मध्यनजर गर्दै हामीले च्याम्बर निर्माण गरेका हौं। आवश्यकताको आधारमा यहाँ कोल्ड च्यामबर थप गर्न सकिन्छ। जग्गा प्रशस्त छ। अब गाउँपालिकाले सञ्चालन गर्छ। यसमा प्राविधिक र आर्थिक सहयोग हामी गर्न तयार छौं,' निर्देशक जोशीले भने।

कार्यविधि तयार गरेर कोल्ड च्याम्बर सञ्चालन गरिने चुरे गाउँपालिका अध्यक्ष चक्र बोगटीले बताए। 'कृषि विकाश निर्देशनालयले हामीलाई हस्तान्तरण गरेको छ। विजुली जडान, शौचालय निर्माण लगायतका काम बाँकी छ। सञ्चालनका लागि आवश्यक जनशक्तिको पनि व्यवस्थापन गर्न बाँकी छ। यथाशीघ्र सञ्चालनका लागि हामी प्रयासमा छौं,'गाउँपालिका अध्यक्ष बोगटीले भने। कोल्ड च्याम्बर सञ्चालनमा आउनेभएपछि चुरेका कृषक हर्षित बनेका छन्। जोगाउन नसकेर खेर गइरहेको तरकारी फलफूलबाट मूल्य पाइने अपेक्षामा उनीहरू छन्।

## जनताप्रति...

दिएका उदाहरण छन्। २०७० सालको चुनावमा तेस्रो दल भउपछि माओवादी केन्द्रले परिणाम अस्वीकार गर्ने चेतावनी दिएको थियो। पछि राष्ट्रिय र अन्तराष्ट्रिय दवावका कारण माओवादी परिणाम स्वीकार्न बाध्य भएको थियो।

## रेमिट्यान्स...

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या १८ दशमलव तीन प्रतिशतले घटेर ३२ हजार चार कायम भएको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो संख्या ७० दशमलव छ प्रतिशतले बढेको थियो।

## एनआरएनले...

गैरआवासीय नेपालीहरुलाई आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था गर्न हामीले निकै ठूलो मिहिनेत गर्नुपरेको थियो। त्यसकै बलमा तपाईंहरुले संवैधानिक अधिकार प्राप्त गर्नुभएको छ। संविधानमा व्यवस्था भएपश्चात पनि कानुनी व्यवस्था गर्न फेरि अर्को ठूलै मिहिनेत र संघर्षै गर्नुपर्‍यो। निकै ठूलो संघर्ष र मिहिनेतपछि हामीले सफलता हासिल गरेका छौं।'

एनआरएनका संस्थापक अध्यक्ष उपेन्द्र महतो नागरिकता एउटा कागजमात्रै नभएर मुटुको टुक्रा नै भएको बताउँछन्। आफूहरुले उठाउँदै आएको मुद्दालाई सम्बोधन भएकोमा उनले खुसी व्यक्त गरे।

एनआरएन नागरिकता प्राप्त गरेका अध्यक्ष आचार्यले देशको विकासका लागि विकासमा एनआरएन अझ बढी लाग्ने बताए। 'मातृभूमीको गुण तिर्नका लागि सधैका लागि तयार छौं' उनले भने।

एनआरएनका कार्यकारी अध्यक्ष डा. बद्री केसी नागरिकता अभियानलाई सार्थक बनाउन पहल गर्ने सबैलाई धन्यवाद दिन्छन्। सबै राजनीतिक पार्टीहरुले एक मत भएर नागरिकताको निरन्तरता गराएको भन्दै केसीले आभार प्रकट गरे। नागरिकतासम्बन्धी ऐनको दफा ७ (क) मा विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोवास गरेको र साबिकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ। एनआरएन नागरिकता पाएकाहरुले राजनीति गर्न, सरकारी पदमा बस्न र भोट हाल्न पाउने छैनन्। तर उनीहरुले नेपालमा व्यवसाय गर्न र नेपालमा सम्पत्ति राख्न पाउँछ।


**साउदीमा वैदेशिक रोजगारको अवसर**

**कम्पनी:** FIRST LIGHT GENERAL CONTRACTING EST — **शहर:** RIYADH
**पूर्व स्वीकृत मिति:** २०८०/०६/३० — **चलानी नं.:** ६०२०९२१० — **LT. No.:** 294106

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | upload and download worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक ८ गते (25 October 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशूल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr5@gmail.com Website: www.amityhr.com





**हार्दिक शुभकामना**



नेपालीहरूको महान् चाड
**बडा दशैं, दीपावली तथा छठ पर्व २०८० को**
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगातिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं।

**मायादेवी गाउँपालिकाको अनुरोध**

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं**
- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले।
- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं, सवारी साधनको छतमा बसेर यात्रा नगरौं।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं, दुर्घटनाबाट आफूपनि बचौ र अरुलाई पनि बचाऔं।

**चाडबाडको समयमा खानपानमा ध्यान दिऔं**
- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासँग
- सन्तुलन मिलाएर उपभोग गरौं।

**हाम्रा सास्कृतिक पर्वहरूको जगेर्ना गरौं**
- चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं।
- चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*चाडपर्व हाम्रा साँस्कृतिक पहिचान।*
*मधपान र जुवातास विकृतिका मुहान।।*

**मायादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कम्हरिया, रूपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

# आमनागरिकले दुःखमा सम्झिने पहिलो राज्यसंयन्त्र प्रहरी : प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आमनागरिकले दुःखमा सम्झिने पहिलो राज्यसंयन्त्र प्रहरी भएको बताएका छन् ।

६८औँ प्रहरी दिवसका अवसरमा मंगलबार प्रहरी प्रधान कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले प्रहरी दिवस नेपाल प्रहरीको मात्र नभई आम नेपालीको दिवस भएको स्पष्ट पारे । उनले भने 'नेपाल प्रहरीले हाम्रो समाजमा पुर्‍याएका मुद्दा, अहोरात्र पुर्‍याएको सुरक्षा, नागरिकलाई समस्याको समयमा दिएको साथ, चुनौतीपूर्ण परिस्थितिमा राष्ट्रप्रतिको स्वयंसेवी भावना र मातृ भूमिको लागि अर्पण गरेको बलिदान सम्माननीय छ ।'

नेपाल प्रहरीलाई आधुनिकीकरण गर्दै दक्ष, जिम्मेवार र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावशाली सङ्गठनको रूपमा स्थापित गर्न हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

सीमित साधन र स्रोतका बीच अपराध नियन्त्रण र अनुसन्धानमा प्रहरीले विश्वस्तरीय कार्य गरीख्याति कमाउनु देशका निम्ति गौरवको विषय भएको उनले बताए ।

सीमित स्रोत-साधन र जनशक्तिका अनेकौं चुनौतीका बाबजुत पनि अपराध नियन्त्रण र अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले विरता प्राप्त गरेको दाहालको भनाइ छ ।

नेपाल प्रहरीको वृद्धि विकास र परिचालनमा नेपाल सरकारले वैज्ञानिक विधि पालन गरेको अनुभूति सिंगो देशले गरेकोमा विश्वास प्रकट गर्दै उनले भने'प्रहरी संगठनको समय सापेक्ष आधुनिकरणका लागि म र मेरो नेतृत्वमा रहेको सरकार गम्भीर छ । यसलाई प्रभावशाली बनाउन हामी निरन्तर साथ दिनेछौँ ।'

दाहालले देश र नागरिकको सुरक्षाका खातिर प्रहरी प्रशासनले बगाएको रगत र समयका लागि नेपाल सरकारका तर्फबाट आभार व्यक्त गर्दै शहीद प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गरे । साथै उनले घाइते




प्रहरीको सिघ्र स्वास्थ्य लाभको कामना समेत गरे ।

सरकार प्रहरी जवानदेखि उच्चतम अधिकृतसम्मका सबैको साझा अभिभावक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबैलाई सरकारले समान व्यवहार गर्छभन्ने व्यवहारबाटै प्रमाणित भएको बताए । प्रधानमन्त्री दाहालले विश्वव्यापीकरणसँगै फैलिएको अन्तर्राष्ट्रिय अपराधको सञ्जाल, सूचना प्रविधिको चरम विकासले थपेका चुनौतीको डटेर सामना गर्न तथा त्यसले प्रदान गरेका अवसरलाई उपयोग गर्न निर्देशन दिए । उनले सूचना-प्रविधिको विकाससँगै अपराधका नयाँ-नयाँ आयाम विकसित भइरहेको वर्तमान परिप्रेक्ष्यमा अपराध नियन्त्रण र अनुसन्धानमा प्रविधिमैत्री संयन्त्र बनाएर प्रविधिको भरपूर उपयोग गर्न निर्देशन दिए ।

प्रधानमन्त्री दाहालले नेपाल प्रहरीको छविमाथि प्रश्न उठ्ने कुनै पनि प्रकारका अवान्छित गतिविधि र गलत क्रियाकलाप नियन्त्रण गर्न प्रहरी नेतृत्व पूर्णतः सक्षम रहने विश्वास व्यक्त गरे । उनले विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति स्थापनार्थ नेपाल प्रहरीले संयुक्त राष्ट्रसंघमार्फत गरेको योगदानको सराहना गरे ।

आगामी दिनमा विश्वशान्तिका निम्ति नेपाल प्रहरीलगायत देशका सुरक्षा अंगको उपस्थिति र भूमिका बढाउने सन्दर्भमा सरकारले आवश्यक कूटनीतिक प्रयास गर्ने प्रधानमन्त्रीले बताए । विविधतामा एकता राष्ट्रको पहिचान भएको तथा राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै आम नागरिकलाई संविधानप्रदत्त मौलिक हक निर्धक्क भएर उपभोग गर्ने वातावरण बनाउन प्रधानमन्त्रीले निर्देशन दिए ।

### उत्कृष्ट प्रहरी प्रमुखहरू पुरस्कृत

यो वर्ष उत्कृष्ट काम गर्ने कार्यालय प्रमुखहरूलाई पुरस्कृत गरिएको छ । ६८औं प्रहरी दिवसमा नेपाल प्रहरी अन्तरप्रदेश कार्यदक्षता मूल्यांकनमा उत्कृष्ट हुनेहरूलाई प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले पुरस्कृत गरे ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेल, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक विपिन रेग्मी, इलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीका प्रहरी नायब उपरीक्षक दानबहादुर थापा र इलामको श्रीअन्तुका प्रहरी वरिष्ठ नायब निरीक्षक किरण प्रसाईं उत्कृष्ट भई पुरस्कृत भएका छन् । एआइजी सन्दीप भण्डारी नेतृत्वको टोलीले स्थलगत रूपमा निरीक्षण गरी उत्कृष्ट काम गर्ने कार्यालयको छनोट गरेको हो ।

नेपाल प्रदेश प्रहरी कार्यालयतर्फ जनकपुरका प्रहरी वरिष्ठ उपरीक्षक ध्रुवराज राउत, तालिम केन्द्रमा प्रदेश प्रहरी तालिम केन्द्र दुधौली सिन्धुलीका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्मा तथा गणमा प्रदेश प्रहरी गण खजुरा बाँकेका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीले पुरस्कार पाएका छन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रतर्फ प्रथम हुने जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी सहायक निरीक्षक समीक्षा खत्री, द्वितीय हुने जिल्ला प्रहरी परिसर काठमाडौंकी प्रहरी हवल्दार देवी पाण्डे, तृतीय हुने जिल्ला प्रहरी कार्यालय सुनसरीकी प्रहरी निरीक्षक निरला भण्डारी तथा सान्त्वना पुरस्कारतर्फ जिल्ला प्रहरी कार्यालय चितवनकी प्रहरी निरीक्षक सरिता विश्वकर्मा र जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी सहायक हवल्दार वीरेन्द्र विकले प्राप्त गरेका छन् ।

प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीलाई शान्ति सुरक्षा र अपराध अनुसन्धानमा सहयोग पुर्‍याउने अवकाशप्राप्त प्रहरी उपरीक्षक ध्रुवरत्न हाडा, अवकाशप्राप्त प्रहरी निरीक्षक श्याने रानालाई पनि पुरस्कृत गरेका छन् । उत्कृष्ट विपत् व्यवस्थापनको कार्य गर्ने प्रहरी जवान प्रकाश साउद, उत्कृष्ट आन्तरिक प्रशिक्षकतर्फ प्रहरी नायब उपरीक्षक रामेश्वर पौडेल, उत्कृष्ट बाह्य प्रशिक्षक प्रहरी नायब निरीक्षक रेशमबहादुर बानियाँ, प्रहरी जवान सरिता थारू, सपोर्ट समूह प्राविधिकतर्फका प्रहरी निरीक्षक भक्त क्षेत्री र उत्कृष्ट खेलाडीतर्फ प्रहरी प्रहरी जवान विशालसिंह विष्ट र प्रहरी कार्यालय सहयोगी सागर भण्डारीले सम्मानपत्र तथा नगद पुरस्कार प्राप्त गरेका छन् ।

उत्कृष्ट प्रदेश प्रहरी कार्यालयमा प्रदेश प्रहरी कार्यालय गण्डकी छनोट भएको छ । कार्यालयका प्रमुख डिआइजी बुद्धि गुरुङलाई प्रहरी ब्याटर पुरस्कार प्रदान गरिएको छ । पूर्णशान्ति पुरस्कार तथा उत्कृष्ट अनुसन्धानकर्तालाई प्रधानमन्त्रीले पुरस्कार प्रदान गरेका थिए ।

# विपद्जन्य घटनाबाट ९२ जनाको मृत्यु, ३० बेपत्ता




काठमाडौं/मस- यस पटकको मनसुनको समयमा देशभर विपद्जन्य घटनाबाट ९२ जनाको मृत्यु भएको छ । ती घटनामा परेर ३० जना बेपत्ता भएका छन् भने एक सय ६८ घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुव खड्काले दिएको जानकारी अनुसार मनसुन अवधिमा सबैभन्दा बढी पहिरोका घटना भएको छ । प्राधिकरणले मंगलबार सिंहदरबारमा आयोजना गरेको पत्रकार भेटघाटका क्रममा उनले मनसुनका समयमा पहिरोका चार सय ५९, बाढीका एक सय ४२, भारी वर्षाका एक सय ६८ र चट्याङका एक सय २३ घटना भएको जानकारी दिए ।

यसपटक १३ दिन ढिला गरी मनसुन यही असोज २८ मा बाहिरिएको थियो भने एक दिन ढिला गरी गत जेठ ३१ मा भित्रिएको थियो । भित्रिँदा पनि नौ दिन ढिला गरी असार ८ गते देशभर फैलिएको थियो । यसवर्ष मनसुन एक सय २४ दिन रहेको थियो । यसपटक मनसुनमा पूर्वानुमान गरेअनुसार नै कम वर्षा भए पनि ठाउँठाउँमा ठूलो क्षति हुनेगरी भारी वर्षासँगै बाढीपहिरो आएको थियो ।

**मलेशियामा रोजगार** | कम्पनी: MORENO UPHOLSTERY INDUSTRIES
शहर: Johor

पूर्व स्वीकृत मितिः २०२२/०७/११ चलानी नं.: ६०१८४२१० LT. No.: 267168 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 45 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ८ गते (25 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHAN HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606, 9824926470
Govt. Lic. No. 1428/074/075

**दशैं विदाका कारणले कार्यालय बन्द रहने हुँदा फोनबाट मात्र अन्तर्वार्ता लिइने छ ।**

**साउदीमा रोजगार** | कम्पनी: AL MUSBAH INTERNATIONAL TRADING COMPANY.LTD
शहर: Albalad

पूर्व स्वीकृत मिति: २०८०/०६/३० चलानी नं.: ६०२०९२०४ LT. No.: 294083

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० कार्तिक १२ गते (29 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**R.P. International Consultancy P. Ltd**
श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

# ठूलो रकमसहित चिनियाँ मूलका भारतीय नागरिक पक्राउ



काठमाडौं/मस-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले ठूलो रकमसहित चिनियाँ मूलका भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चीनको सिचुआन प्रान्तबाट आएका थिन्ले छोदेन रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अर्जुन चन्द ठकुरीले जानकारी दिए ।

उनका अनुसार मंगलबार दिउँसो चीनको सिचुआन प्रान्तबाट आइ दिल्लीतर्फ जान लागेको अवस्थामा निजलाई १६ हजार चार सय ३० अमेरिकी डलर, ५४ हजार चार सय ५१ चिनियाँ युआन र पाँच हजार भारतीय रुपैयाँसहित पक्राउ गरिएको हो । छोदेनलाई प्रहरी बृद्ध गौशालामा राखी आवश्यक अनुसन्धान सुरु गरिएको प्रहरीको भनाइ छ ।

पक्राउ परेका छोदेन र उनको साथमा भारतीय राहदानी भएको प्र्हरी नायब महानिरीक्षक चन्द ठकुरीले बताए । छोदेनबाट प्रहरीले बरामद गरेको रकम नेपाली रु ३१ लाख ५० हजार बराबर रहेको जनाइएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१०/१२ मा दर्ता भएको **प्रा.लि. नं. २८२२७५** को **स्पार्कल इभेन्टस् प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/११ मा दर्ता भएको **प्रा.लि.नं. २४८२५३/०७७/०७८** को **ओरेन्ज कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०६/१७ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. २८२९५५** को **कफी टाईम्स प्रा.लि.** को मिति २०८०/०६/३० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**State Assembly Secretariat,**
**Lumbini Province,**
**Rapti valley Deukhuri Nepal**

**Invitation for Sealed Quotation**

**IFQNo:- IFQ/01/SQ/ SOPA -DKH /080/081-01 Date of publication: 2080/07/01**

1. **State Assembly Secretariat,Lumbini Province, Rapti valley Deukhuri nepal** invites **Sealed Quotation** from eligible bidders for following works under **SQ** bidding procedure.

| S. N. | Name Project | Contact ID | Fee of Bid Doc. (Nrs.) | Estimated Amount (Including VAT) | Bid Validity Period | Bid Security Amount (Nrs.) | Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|
| 1 | Supply, delivery and Installation of cc camera with surveillance system (Office Equipment) | IFQ/01/SQ/ SOPA-DKH /080/081-01 | 1000 | 1999648.00 Nineteen Lakh Ninety nine Thousands Six Hundred Fourty eight | 45 days | 60000.00 | 75 days |

2. Cash Deposit Account for Bid Security:
**Bank Name: Nepal bank limited**
**Bank Address: Sisaniya Branch dang**
**Dharauti Account Number: 29302000002003000001** (प्रदेश लेखा नियन्त्रक कार्यालय, राप्ति उपत्यका देउखुरी)
**Office Code Number: 2020056015 (State Assembly Secretariat,Lumbini Province Rapti valley Deukhuri Nepal)**
3. Submission and Opening: Last day of buying Bid Document is 15 Kartik 2080 During Office Hours

| Deadline for Bid Submission | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders can buy hard copy of bidding document from, State Assembly Secretariat, Lumbini Province Deukhuri dang Lumbini Province. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| **16 Kartik 2080** | **12:00 hrs** | **Date 16 Kartik** | **14:00 hrs** | |

4. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No |
|---|---|---|---|---|
| State Assembly Secretariat, Rapti valley Deukhuri Nepal | Nepal bank limited | Sisaniya branch dang | 27402000001001000001 (Rajaswa) | Office code: 2020056015 Revenue Heading no: 14229 |



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ कातिक २०८०, बुधबार
18 October 2023, Wednesday

## सम्पादकीय

# शवको पर्खाइ !

प्यालेस्टाइनी अग्रवादी समूह हमासको आक्रमणमा परेर १० नेपालीको ज्यान गएपछि सरकारले गत २५ असोजमा इजरायलबाट २५३ जनालाई स्वदेश फर्काएको छ । थप १८ जनालाई स्वदेश फर्काउने तयारी भइरहेको छ । सरकारले इजरायलको गाजा क्षेत्रसहित युद्धग्रस्त भूभागमा रहेका अरू नेपालीलाई पनि स्वदेश फर्काउने भनिरहेको छ । पहिलो चरणमा नेपाली विमान गएर आफ्नो नागरिक ल्याएको सरकारले इजरायलमा रहेकाहरूले फर्कन चाहे ल्याउने नीति लिएको छ । त्यसअनुसार, स्वदेश फर्कन चाहनेले नाम टिपाइरहेका छन् । इजरायलमा 'लर्न एण्ड अर्न' कार्यक्रम अन्तर्गत गएको विद्यार्थीसहित झण्डै पाँच हजार नेपाली छन् । उनीहरूलाई उद्धार गर्ने जनाइरहेको सरकारले त्यहाँ ज्यान गुमाएकाहरूको शव ल्याउन भने सकिरहेको छैन ।

इजरायल सरकारले शव नदिएकाले नेपाली ल्याउन ढिलाइ भइरहेको अधिकारीहरूले जनाएका छन् । उनीहरूका अनुसार, मृतकहरूको डीएनए, फिंगरप्रिन्ट र दाँतको पहिचान गर्नुपर्ने भएकाले शव ल्याउन ढिलाइ भइरहेको छ । अधिकारीहरूका अनुसार, हमासको आक्रमणबाट एक हजार तीन सय बढी इजरायलीको निधन भएको छ । मृतक मध्ये बाँकी प्यालेस्टाइनी छन् । तर गाजा क्षेत्रमा परी निधन भएकाहरूको शव  पहिचानमा समय लाग्दा यता मृतकका परिवारको पर्खाइ लम्बिरहेको छ । यता सरकारले भने मृतक परिवारलाई दश लाख राहत दिनु बाहेक अर्थोक गर्न सकिरहेको छैन । शव ल्याउने कुरा नेपाल सरकारको मात्रै कुरा नभएकाले इजरायली सरकारको निर्णय प्रक्रिया पर्खनुको अर्को विकल्प पनि छैन । तर चाँडो गरिदिन इजरायल सरकारलाई अनुरोध गर्नु नेपाली अधिकारीहरूको कावूमा रहेको विषय हो ।

